# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, मंसिर ६ गते, २०८१ साल (अतिरिक्ताङ्क ४०

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकारले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका ऐनमा कायम रहेको शुल्क, कर वा महसुलको दर हेरफेर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीमा उल्लिखित दरमा हेरफेर**ः अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीको,-

(क) शीर्षक २५.१५ अन्तर्गतको उपशीर्षक २५१५.१२.०० मा पर्ने उद्योगले पैठारी गर्ने करौंतीद्वारा वा अरू किसिमले आयातकार (वर्गाकारसमेत) स्वरूपमा ढिक्का वा पाताको रूपमा केवल काटेको सङ्गमर्मर (मार्वल) को पैठारीमा लाग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तःशुल्क दर १५ प्रतिशतको सट्टा ० प्रतिशत कायम गरिएको छ।

(ख) शीर्षक २५.१६ अन्तर्गतको उपशीर्षक २५१६.१२.०० मा पर्ने उद्योगले पैठारी गर्ने करौंतीद्वारा वा अरू किसिमले आयातकार (वर्गाकारसमेत) स्वरूपमा ढिक्का वा पाताको रूपमा केवल काटेको ग्रेनाइटको अन्तःशुल्क दर २५ प्रतिशतको सट्टा ० प्रतिशत कायम गरिएको छ।

२. **<u>आयकर ऐन, २०५८ को दफा ९५क.को अग्रिम आयकरको दरमा हेरफेर</u>**ः आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (७) को खण्ड (क) मा उल्लिखित दश प्रतिशत अग्रिम आयकर लाग्ने व्यवस्था भएकोमा भन्सार महसुल ऐन, २०८१ को अनुसूची-३ को भाग ७ भन्सार दरबन्दी शीर्षक ०७.१३ मा सुख्खा कोसे वनस्पतिहरू, कोसा छोडाएका, बोक्रा छोडाएका वा नछोडाएका वा दलेका वा नदलेका मालवस्तुमा लाग्ने अग्रिम आयकर दुई दशमलव पाँच प्रतिशत कायम गरिएको छ ।

३. **<u>भन्सार महसुल ऐन, २०८१ को अनुसूचीमा उल्लिखित भन्सार महसुल दरमा हेरफेरः</u>** भन्सार महसुल ऐन, २०८१ को अनुसूची-३ को,-

(क) भाग २५ को शीर्षक २५.१५ अन्तर्गतको उपशीर्षक २५१५.१२.०० मा उल्लिखित उद्योगले पैठारी गर्ने करौंतीद्वारा वा अरू किसिमले आयातकार (वर्गाकारसमेत) स्वरूपमा ढिक्का वा पाताको रूपमा केवल काटेको सङ्गमर्मर (मार्वल) पैठारीमा लाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसुल दर ३० प्रतिशतको सट्टा १० प्रतिशत कायम गरिएको छ ।

(ख) भाग २५ को भन्सार २५.१६ अन्तर्गतको उपशीर्षक २५१६.१२.०० मा उल्लिखित उद्योगले पैठारी गर्ने करौंतीद्वारा वा अरू किसिमले आयातकार (वर्गाकारसमेत) स्वरूपमा ढिक्का वा पाताको रूपमा केवल काटेको ग्रेनाइटको पैठारीमा लाग्ने भन्सार महसुल दर २० प्रतिशतको सट्टा १० प्रतिशत कायम गरिएको छ ।

(ग) भाग ७१ को शीर्षक ७१.०६ अन्तर्गत पर्ने अपरिष्कृत (अनरुट) वा अर्ध निर्मित स्वरुपको वा धुलो स्वरुपको चाँदीको पैठारीमा लाग्ने भन्सार महसुल दर १५ प्रतिशतको सट्टा १० प्रतिशत कायम गरिएको छ ।

(घ) भाग ७१ को शीर्षक ७१.०८ अन्तर्गत पर्ने अपरिष्कृत वा अर्ध निर्मित रुपका वा धुलो रुपका सुनको पैठारीमा लाग्ने भन्सार महसुल दर २० प्रतिशतको सट्टा १० प्रतिशत कायम गरिएको छ ।

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।